## काठमाडौ महानगरपालिका नगरकार्यपालिकको मिति २०७६।१२।२७ का निर्णयहरु

प्रस्ताव नं. १. कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धमा देहायका विषयमा छलफल गरी निर्णय गर्नुपर्नेः

क) हालसम्मको कामको समिक्षा गर्ने ।

ख) वडामा थप निकासा पठाउने सम्बन्धमा ।

**प्रस्ताव पेश गर्न प्रमुखबाट स्वीकृति प्राप्त भएको मितिः** २०७६/१२/२७

**१. विषयको संक्षिप्त व्यहोराः** कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धमा महानगरपालिकाबाट सम्पादन भएका हालसम्मको कार्यको समिक्षा गरी आवश्यकतानुसार वडामा थप रकम निकास पठाउने सम्बन्धमा ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः** कोरोना भइरस (कोभिड १९) संक्रमण रोकथाम र नियन्त्रण गर्ने सम्बन्धमा नेपाल सरकार एवं काठमाडौं महानगरपालिका नगर कार्यपालिकाबाट भएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा काठमाडौं महानगरपालिक अन्तर्गतका विभाग तथा वडाहरुबाट हालसम्म भएका कार्यहरुको समिक्षा गरी अत्यावश्यक सेवा प्रवाह गर्ने विभाग र वडा कार्यालयहरु प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउने र पहिलो चरणको राहत वितरण गर्न वडामा निकासा पठाएको रकमबाट मापदण्ड बमोजिम राहत वितरण गर्दा निकासा भएको रकम अपुग भई केही वडाहरुबाट थप बजेट समेत माग गरेको देखिएकोले थप बजेट निकासा पठाउने सम्बन्धमा आवश्यक निर्णय लिनुपर्ने ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित विभागको सिफारिसः** कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धमा नेपाल सरकारको निर्णय एवं निर्देशन र काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको मिति २०७६।१२।६ र २०७६।१२।१७ को निर्णयानुसार काठमाडौं महानगरपालिका अन्तर्गतका सम्बद्ध विभाग र सबै वडा कार्यालयहरुले हालसम्म सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दै वडामा निकासा भएको रकमबाट पहिलो चरणको राहत वितरण गर्दा बजेट अपुग भई केही वडाहरुबाट थप बजेट माग भएको सम्बन्धमा वडा कार्यालयबाट कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रणको लागि वडामा हालसम्म भएको निकासा भएको खर्च तथा थप निकासाबारे वडा समितिमार्फत निर्णय गरी सो को विवरण प्राप्त गरी वडाबाट माग भएको थप बजेट रकम सम्बन्धित शीर्षकबाट सम्बन्धित वडाहरुमा निकासा पठाउने सम्बन्धमा निर्णय हुनुपर्ने ।

४. **निर्णय हुनुपर्ने व्यहोराः** कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धमा देहाय बमोजिम समिक्षा एवं निर्णय हुनुपर्नेः

**(क) समिक्षा :**

कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धमा नेपाल सरकार तथा काठमाडौं महानगरपालिका नगर कार्यपालिकाबाट भएका निर्णय एवं निर्देशनको कार्यान्वनय आवस्था बारे बैठकममा छलफल भयो ।

**(ख) निर्णय :**

१. कोरोना भाईरस (कोभिड १९) संक्रमण रोकथाम र नियन्त्रणको लागि लकडाउन अवधिभर महानगरपालिकाबाट प्रवाह हुने आकस्मिक सेवा तथा अन्य आवश्यक सेवा थप प्रभावकारी ढंगले सम्पादन गर्ने । हालको कठिन अवस्थामा पनि स्थानीय स्वयमसेवकहरुले वडामार्फत राहत वितरण गर्ने कार्यमा अहम् सेवा प्रवाह गर्दै आएको देखिएकोले निजहरुको सेवाको उच्च कदर गर्दै दैनिक १५ जनामा नवढाई र वढीमा १० दिनसम्म राख्नेगरी वडाबाट खटाईएका स्वयंसेवकहरुलाई **लेखा संकेत नं. ८६०२०३, महामारी तथा अन्य रोग नियन्त्रण कार्यक्रम शीर्षकबाट** खाजा खर्च वापत दैनिक रु. २०० उपलब्ध गराउने ।

२. काठमाडौं महानरपालिका नगर कार्यपालिकाको मिति २०७६।१२।०६ र २०७६।१२।१७ को निर्णयानुसार कोरोना भाईरस (कोभिड १९) संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धी आवश्यक खर्च गर्न र वडाबाट प्रवाह गर्नुपर्ने सेवासम्बन्धी खरिद कार्यहरु गर्न एवं "कोरोना भाइरस ( COVID-19) सम्बन्धी राहत वितरण मापदण्ड, २०७६" बमोजिम राहत वितरण कार्यमा खर्च गर्न सबै वडाहरुलाई दुई चरणमा रकम निकासा गरिएकोमा कतिपय वडाहरुले राहत वितरण कार्यमा थप बजेट आवश्यक भएको भनी लिखित तथा मौखिक रुपमा जानकारी गराएको देखिएकोले कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रणको लागि वडामा हालसम्म निकासा भएको खर्चको विवरण तथा थप निकासा सम्बन्धमा वडा समितिबाट निर्णय गराई आवश्यक भए औचित्यको आधारमा कोरोना भाइरस (COVID-19) संक्रमण रोकथाम र नियन्त्रणको लागि **लेखा संकेत नं. ८६०२०३, महामारी तथा अन्य रोग नियन्त्रण कार्यक्रम शीर्षकबाट** वडामा थप बजेट रकम निकासा पठाउने ।

नमराज ढकाल

बिभागीय प्रमुख

श्री विभागीय प्रमुख,
प्रशासन विभाग
काठमाडौं महानगरपालिका ।

कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धमा देहाय बमोजिम समिक्षा एवं निर्णय **गरेकाले सो बमोजिम कार्यान्वयन हुन अनुरोध गरेकोछु ।**

**१. (क) समिक्षा :**

कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धमा नेपाल सरकार तथा काठमाडौं महानगरपालिका नगर कार्यपालिकाबाट भएका निर्णय एवं निर्देशनको कार्यान्वनय आवस्था बारे बैठकममा छलफल भयो ।

**१. (ख) निर्णय :**

१. कोरोना भाईरस (कोभिड १९) संक्रमण रोकथाम र नियन्त्रणको लागि लकडाउन अवधिभर महानगरपालिकाबाट प्रवाह हुने आकस्मिक सेवा तथा अन्य आवश्यक सेवा थप प्रभावकारी ढंगले सम्पादन गर्ने । हालको कठिन अवस्थामा पनि स्थानीय स्वयमसेवकहरुले वडामार्फत राहत वितरण गर्ने कार्यमा अहम् सेवा प्रवाह गर्दै आएको देखिएकोले निजहरुको सेवाको उच्च कदर गर्दै दैनिक १५ जनामा नवढाई र वढीमा १० दिनसम्म राख्नेगरी वडाबाट खटाईएका स्वयंसेवकहरुलाई **लेखा संकेत नं. ८६०२०३, महामारी तथा अन्य रोग नियन्त्रण कार्यक्रम शीर्षकबाट** खाजा खर्च वापत दैनिक रु. २०० उपलब्ध गराउने ।

२. काठमाडौं महानरपालिका नगर कार्यपालिकाको मिति २०७६।१२।०६ र २०७६।१२।१७ को निर्णयानुसार कोरोना भाईरस (कोभिड १९) संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धी आवश्यक खर्च गर्न र वडाबाट प्रवाह गर्नुपर्ने सेवासम्बन्धी खरिद कार्यहरु गर्न एवं “कोरोना भाइरस ( COVID-19) सम्बन्धी राहत वितरण मापदण्ड, २०७६” बमोजिम राहत वितरण कार्यमा खर्च गर्न सबै वडाहरुलाई दुई चरणमा रकम निकासा गरिएकोमा कतिपय वडाहरुले राहत वितरण कार्यमा थप बजेट आवश्यक भएको भनी लिखित तथा मौखिक रुपमा जानकारी गराएको देखिएकोले कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रणको लागि वडामा हालसम्म निकासा भएको खर्चको विवरण तथा थप निकासा सम्बन्धमा वडा समितिबाट निर्णय गराई आवश्यक

भए औचित्यको आधारमा कोरोना भाइरस (COVID-19) संक्रमण रोकथाम र नियन्त्रणको लागि **लेखा संकेत नं. ८६०२०३, महामारी तथा अन्य रोग नियन्त्रण कार्यक्रम शीर्षकबाट** वडामा थप बजेट रकम निकासा पठाउने ।

नगर कार्यपालिकाको निर्णयः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

................................

**(एकनारायण अर्याल)**
**प्रमुख प्रशासकीय अधिकृत**
**मितिः २०७६/१२/२७**

**प्रस्ताव नं. २.  दररेट विश्लेषण स्वीकृत गर्ने वारे ।**

**प्रस्ताव पेश गर्न प्रमुखबाट स्वीकृति प्राप्त भएको मितिः** २०७६/१२/०३

**१. विषयको संक्षिप्त व्यहोरा :** काठमाडौं महानगरपालिका क्षेत्रभित्र निर्माण गरिने सडक निर्माण कार्यको दररेट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्वीकृत गर्ने सम्बन्धमा ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः**

काठमाडौं महानगरपालिका क्षेत्रभित्र निर्माण गरिने निर्माण कार्यको दररेट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार काठमाडौं महानगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत गर्नुपर्ने भएकोले नेपाल सरकार, सडक विभागले आर्थिक वर्ष २०७६।७७ को लागि स्वीकृत गरी लागू गरेको सडक निर्माण कार्यको दररेट बमोजिम नै काठमाडौ महानगरपालिकाको लागि कायम हुने गरी संलग्न दररेट स्वीकृत गर्नुपर्ने ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण सम्बन्धित विभागको सिफारिसः** काठमाडौं महानगरपालिकाको  आर्थिक वर्ष २०७६।७७ को लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत पूर्वाधार विकास सम्बन्धी कार्यक्रम, कार्यहरु, आयोजनाहरु सञ्चालनको लागि निर्माण कार्यको लागत अनुमान तयार गर्न दररेट आवश्यक भएको । स्थानीय तहमा निर्माण कार्य सञ्चालन गर्न निर्माण कार्यसँग सम्बन्धित दररेट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहबाट स्वीकृत गरी लागू गर्नुपर्ने व्यवस्था भएकोले चालु आर्थिक वर्ष २०७६।७७ को लागि नेपाल सरकार, सडक विभागबाट स्वीकृत दरररेट नै काठमाडौं महानगरपालिकाको हकमा पनि चालु आर्थिक वर्ष २०७६।७७ को लागि लागू गर्न उपयुक्त देखिएकोले सडक विभागबाट स्वीकृत दररेट बमोजिम तयार गरिएको देहायमा उल्लेखित सडक निर्माणको दररेट काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाबाट स्वीकृत हुनुपर्ने ।

**४. निर्णय हुनुपर्नेः** काठमाडौं महानगरपालिका शहरी पूर्वाधार विकास विभागबाट पेश भएको भौतिक पूर्वाधारसँग सम्बन्धित देहायमा उल्लेखित सडक निर्माण कार्यको दररेट आर्थिक वर्ष २०७६।७७ को लागि स्वीकृत गर्ने ।

राम बहादुर थापा

बिभागीय प्रमुख

श्री विभागीय प्रमुख,
शहरी पूर्वाधार विकास विभाग
काठमाडौं महानगरपालिका ।

दररेट विश्लेषण स्वीकृत गर्ने वारे देहाय बमोजिम निर्णय गरेकाले सो बमोजिम कार्यान्वयन हुन अनुरोध गरेकोछु ।

काठमाडौं महानगरपालिका शहरी पूर्वाधार विकास विभागबाट पेश भएको भौतिक पूर्वाधारसँग सम्बन्धित देहायमा उल्लेखित सडक निर्माण कार्यको दररेट आर्थिक वर्ष २०७६।७७ को लागि स्वीकृत गर्ने ।

नगर कार्यपालिकाको निर्णयः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

...............................

**(एकनारायण अर्याल)**
**प्रमुख प्रशासकीय अधिकृत**
**मितिः २०७६/१२/२७**